सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स: २०८२।०८३

च.न. 384

मिति: २०८२।०६।३०

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**विषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।६।३० गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.........................

(त्रिविक्रम खड्का) 2082/6/30

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

मिति २०८२।०६।३० गते

गाउँकार्यपालिकाको सतसठ्ठीऔं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्वन्धमा ।
२. गनाहा खोलाको IEE प्रतिवेदन स्वीकृति सम्वन्धमा ।
३. सडकहरुको मर्मत सम्वन्धमा ।
४. बिपद् आर्थिक सहायता सम्वन्धमा ।
५. बिविध सम्वन्धमा ।
    - सडक बत्ती मर्मत/थप सम्वन्धमा ।
    - सडक हेरालु सम्बन्धमा ।
    - एम्वुलेन्स मर्मत सम्वन्धमा ।
    - खड्केश्वरी मन्दिर पुजा सहयोग सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

# बैठक संख्या-६७

## मितिः २०८२।०६।३० गते

## गाउँकार्यपालिकाको छैसट्ठीऔं बैठकका निर्णयहरु

### निर्णय नं. १ प्रगति समिक्षा सम्वन्धमा ।

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८२।०६।०७ गतेको कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन, उपभोक्ता समिति गठन, सामाजिक सुरक्षा निकासा, टोल विकास संस्थाको सरसफाई, सडक मर्मत लगाएतका विषयमा छलफल एवं समिक्षा गरियो ।

### निर्णय नं.२. गनाह खोलाको IEE Report स्वीकृत र अनुमति सम्वन्धमा.।

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको गनाहा खोलाका तपशिलका २ वटा घाटहरुवाट नदि जन्य पदार्थ (ढुंगा, गिट्टि, मिस्कट) उत्खनन, संकलन तथा निकासीको लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE ), २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो। साथै उपरोक्त क्षेत्रवाट नदि जन्य पदार्थ(ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासी अनुमतिको लागि जिल्ला अनुगमन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

IEE Report - Ganaha khola Sarumarani Rural Municipality EXTRACTION AREA CALCULATION 2082/083.

| सि न | उत्खनन् क्षेत्रको नाम | जम्मा उत्खनन्योग्य क्षेत्रफल वर्ग मि | लम्वाई मि. | चौडाई मि. (जम्मा चौडाई को एक तिहाई मात्र) | गहिराइ मि. | खोलामा रहेको नदिजन्य पदार्थ घ मि (लम्वाई•चौडाई• गहिराई) | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ मि | दैनिक उत्खनन् योग्य परिमाण घ मि | राजश्व | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गनाहाफाट/ जोगिढुङ्गा बाध देखी अदुवा बारी माथि | ७,१९५.०० | १,३४८.०० | ५.३४ | ०.४० | २८७९.३ | २१५९.५ | ८.० | ४५७५७५.६१ | |
| २ | घोप खोला दोमान देखी खाउ रह सम्म | ७,२८४.०० | १,७१५.०० | ४.२५ | ०.४० | २९१५.५ | २१८६.६ | ८.१ | ४६३३२३.९७ | |
| | जम्मा | | | | | ५७९४.८ | ४३४६.१ | १६.१ | ९२०८९९.६ | |
| | परामर्शदाता संस्थाः मास्टर मिडिया एण्ड सप्लायर्स प्रा लि, काठमाण्डौ | | | | | | | | | |

### निर्णय नं. ३ सडक मर्मत सम्वन्धमा ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस वर्षको वर्षात संगै सडकहरु अवरुद्द भएको र विजया दशमीको समयमा सडक नियमित सुचारु गरी यातायात आगमन खुलाउन मर्मत संभार शिर्षकवाट केही काम भएता पनि सवै सडकहरु मर्मत हुन वाकी रहेकोले मर्मत संभार शिर्षकवाट निम्नानुसार वजेट विनियोजन गर्ने निर्णय गरियो।

तपशिल



त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

क) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ रु. १,००,०००/-
ख) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ रु. १,००,०००/-
ग) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ रु. १,७५,०००/-
घ) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ रु. १,५०,०००/-
ङ) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ रु. ३,५०,०००/-
च) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ रु. २,००,०००/-

जम्मा १०,७५,०००/-

**निर्णय नं. ४ विपद् आर्थिक सहायता सम्बन्धमा ।**

- सरुमारानी गाउँपालिका वडा नं. ४ ओखरडाडा वस्ने श्री रेवत वहादुर घर्तीको बुहारी, खड्क वहादुर घर्तीको पत्नी मनिका गुरुङ्गले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार मिति २०८२/०४/२० गतेको वर्षाको कारण पहिरो खसेर घरमा क्षतीभएकोले राहात स्वरुप निजलाई विपद व्यबस्थापन कोष/प्रकोप व्यबस्थापन कोष शिर्षकबाट रु. १०,०००/-उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध सम्बन्धमा ।**

- **सडक बत्ती मर्मत/थप सम्बन्धमा ।**
  यस गाउँपालिका अन्तर्गत वडा नं. २ ददेरी वडा कार्यालय र वरपर, स्वर्गद्धारी गनाह गेट क्षेत्रमा गाउँपालिकावाट थप सडक बत्तीहरु थप गर्ने र उपरोक्त सडक बत्तीहरुको जडान वापतको खर्च मर्मत संभार शिर्षकवाट गर्ने निर्णय गरियो।
- **सडक हेरालु सम्बन्धमा ।**
  यस गाउँपालिका अन्तरगत वडा नं. १ को सडक हेरालु कमल सुनारले काम नगरी छोडेको र निजको स्थापना सोही वडाको देव वहादुर वादीलाई सडक हेरालुको रुपमा कामकाज लगाईएकोले निजसंग कार्यालयले गरेको संझौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।
- **एम्बुलेन्स मर्मत सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका वडा नं. १ को बागेशाल स्वास्थ्य चौकीको एम्बुलेन्स विग्रिएको र स्वास्थ्य चौकीमा रकम अभावको कारण एम्बुलेन्स मर्मत गरी संचालन गर्न कठिन भएकोले उक्त एम्बुलेन्स गाउँपालिकाबाट मर्मत गर्ने निर्णय गरियो। साथै उक्त मर्मत खर्चवापतको रकम मर्मतसंभार कोप शिर्पकवाट भुक्तानी गर्ने निर्णय गरियो ।
- **खड्केश्वरी मन्दिर पुजा सहयोग सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका वडा नं २ दर्भान मैदान स्थित श्री खड्केश्वरी दुर्गा भगवती मन्दिरमा वडा दशै २०८२ लागि नवदुर्गा पुजा र मेलाको लागि भएको खर्च मध्ये गाउँपालिकाबाट रु. १५,०००/- आर्थिक सहयोग अन्य संघसंस्था सहयोग शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०६/३०



CamScanner